

# ४ जब एक्लो भइन्छ

*__यस अध्यायका मूल पदहरू__*: उपदेशक ४:९-१२, फिलिपी ४:११-१३, १ कोरन्थी ७:२५-३४, मत्ती १९:८, उत्पत्ति ३७:३४ र यशैया ५४:५।

*__यस अध्यायको मूल सार पदः__* **"अनि परमेश्वरले भन्नुभयो 'मानिस एक्लो रहनु ठिक छैन। त्यसकारण म उनलाई सुहाउँदो सहयोगी बनाउनेछु'" (उत्पत्ति २:१८ रूपान्तरित)।**

केही वर्ष अघि अत्यन्तै सनसनीपूर्ण तर पीडादायी कथाले अखबारहरूमा मुख्य ठाउँ ओगटेको थियो। एक युवती एउटा ठूलो सहरको आफ्नै कोठामा मृत अवस्थामा फेला परेकी थिइन्। मृत्यु आफै पनि वियोगान्त त थियो नै, तर उनको मृत्युले सबैको ध्यान किन तान्यो भन्दा उनी त १० वर्ष अघि नै मरिसकेकी थिइन्। १०वर्ष पछिमात्र उनको खोजी गर्दा उनी आफ्नै कोठामा मरेकी मानिसहरूले भेट्टाउन पुगेका थिए। त्यसबेला धेरै मानिसहरूले यो उचित प्रश्न गरेः यस्तो ठूलो सहरमा, *यतिका मानिसहरूको बीचमा र अनेकौं संचारमाध्यमहरू भएको बीचमा यो युवती मरिन् जो मगन्ते पनि थिइन। दश वर्षसम्म मर्दा पनि कसरी कसैले थाहा पाएनन्?*

यो कथा अपवादको रूपमा वा आकलझुकल हुने भएतापनि यो संसारको वास्तविक जीवनको एक ज्वलन्त उदाहरण मान्नु पर्छः धेरै मानिसहरू एक्लोपनाले ग्रष्त भइरहेका छन्। सन् २०१६मा अमेरिकाको अखबार *द न्यु योर्क टाइम्सले* "खोजअनुसुन्धानहरूले एक्लोपनाको महामारीको सामना" भन्ने लेख छापेको थियो। हो, यो समस्या अमेरिकामामात्र होइन विश्वव्यापी नै छ।

परमेश्वरले मानवको सृष्टि गर्नुभएको दिनदेखि नै ऊ एक्लै रहन सृष्टि गर्नुभएको थिएन। अदनको बँगैचादेखि नै हामी मानवप्राणीहरू कुनै न कुनै रूपमा एक आपससँग रहन र सङ्गत गर्न सृजिएका थिए। दुर्भाग्यवस, पापले

गर्दा जे ठिक हुनुथियो त्यसमा भारी परिवर्तन ल्यायो। जीवनको धेरै समयसम्म साथीसँग रहनु र एक्लोपनाको बारेमा सोचिएको केही प्रश्नको बारेमा यस अध्ययनमा छलफल गर्नेछौं। हाम्रो जीवनमा कुनै न कुनै समयमा दाम्पत्य वा साथीहरूसँग मिलीजुली रहेर बसेका हौंला  वा एक्लो भएर बसौंला। यदि तपाईं एक्लो हुनुहुन्न भने तपाईंले आफूलाई भाग्यमानी ठान्नुहोस्।

## १. साथदिने सहचरी (साथ लागेर हिंड्ने पत्नी वा पति)

**उपदेशक ४:९-१२मा के आधारभूत नीति प्रस्तुत गरिएको छ जुन समयसापेक्षिक र सबैलाई लागु हुन्छ? हेर्नुहोस्: "९ एकभन्दा दुई असल हो, किनभने तिनीहरूले आफ्नो कामको असल फल पाउनेछन्। १० यदि एउटा लोट्यो भने त्यसको मित्रले त्यसलाई उठाउन सहायता गर्छ। तर लोट्दा पनि उठाउने कोही साथी नहुने बिचरा! ११ त्यस्तै यदि दुई जना सँगै सुते भने ती न्याना हुन्छन्, तर एकलै त कसरी न्यानो हुने? १२ एक जनालाई कसैले जित्ला, तर दुई जनाले त आफ्ना सुरक्षा गर्न सक्छन्। तीन सूतले बाटेको डोरी चाँड़ै चुँडिँदैन।"**

हामी मध्ये कोही कोही एक्लै बस्न मनपराउँछन्। मलाई कोही चाहिँदैन म आफ्नै खुट्टामा उभिरहेको छु भनेर कसैले फुर्ती त लगाउला। तर ढिलो होस् वा चाँडो आफ्नो साथमा कोही भइदिएको भए हुन्थ्यो भनेर भित्री चाहना गर्नुपर्ने हुन्छ। विशेष गरेर खाँचो परेको समयमा कोही न कोही साथमा भएको कसले चाहँदैन र? हामी एक्लो हुन वा कुनै गुफा वा कुटीमा वा एकान्तमा एक्लिएर बस्न हामीलाई सृष्टि गरिएको होइन। हामी समाजमा बस्न सृष्टि गरिएका हौं। हामीलाई एक आपसको सङ्गत तथा सङ्गति चाहिन्छ। आवश्यक परेको बेलामा  सान्त्वना दिने र होसला दिने नजिकको परिवारका सदस्यहरू हुनु भाग्यकै कुरा मान्नुपर्दछ।

हाम्रो चर्चमा होस्, समाजमा होस् वा काम गर्ने थलोमा होस् कतिपय समयमा आवश्यक परेको बेलामा सहानुभूति दिने कोही पनि हुँदैनन्। यो दुर्भाग्यपूर्ण हो। कतिपय समयमा त कुरा गर्न कोही पनि हुँदैनन्। आफू एक्लै भएको बेलामा प्रायजसो सबैले त्यागेको अनुभव सबैलाई हुन्छ। एक जना अविवाहित मानिस आफ्नो दुखेसो यसरी व्यक्त गर्दछन्: "आइतबारको दिन मेरो निम्ति सबभन्दा गाऱ्हो दिन हो। किनकि हप्ताभरि मेरो काममा मेरो वरिपरि

मानिसहरू हुन्छन्। साबथमा चर्चमा मानिसहरूलाई भेट्दछु। तर आइतबार म एक्लै हुन्छु।"

जब हामीलाई एक्लोपनाको महसुस हुन्छ तब सबैले हामीलाई त्यागेको जस्तो लाग्छ तर त्यसबेला हामीलाई देहायका पदहरूले कसरी हौशला दिन सक्छ? हेर्नुहोस्: यूहन्ना १६:२५-३३ "२५ "यी कुरा मैले तिमीहरूलाई दृष्टान्तमा भनेको छु। तर समय आइरहेछ, जब म तिमीहरूसँग फेरि दृष्टान्तमा बोल्नेछैनँ, तर पिताको विषयमा तिमीहरूलाई स्पष्ट बताउनेछु। २६ त्यो दिन तिमीहरूले मेरो नाउँमा माग्नेछौ। म तिमीहरूका निम्ति पितासँग बिन्ती गरिदिनेछु भनी तिमीहरूलाई भन्दिनँ, २७ किनभने पिता आफैले तिमीहरूलाई माया गर्नुहुन्छ, किनकि तिमीहरूले मलाई माया गरेका छौ, र म परमेश्‌वरको तर्फबाट आएँ भनी विश्‍वास गरेका छौ। २८ म पिताबाट आएँ, अनि संसारमा आएको छु, र फेरि म संसारलाई छोड़ेर पिताकहाँ जाँदैछु।" २९ उहाँका चेलाहरूले भने, "अब तपाईं स्पष्ट बोल्दैहुनुहुन्छ, दृष्टान्तमा होइन। ३० अब हामीहरूले बुझ्यौं, तपाईं सबै कुरा जान्नुहुन्छ, अनि तपाईंलाई कसैले सोध्ने आवश्यकता छैन। यसैले हामी विश्‍वास गर्छौं, कि तपाईं परमेश्‍वरबाट आउनुभएको हो।" ३१ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "के तिमीहरू अब विश्‍वास गर्दछौ? ३२ हेर, समय आइरहेछ, वास्तवमा आइसकेको छ, जब तिमीहरू छरपष्ट भई आफ्नै ठाउँमा जानेछौ र मलाई एकलै छोड्नेछौ। तापनि म एकलो छैनँ, किनभने पिता मसँग हुनुहुन्छ। ३३ मैले तिमीहरूलाई यी कुरा यस हेतुले भनेको छु, कि ममा तिमीहरूलाई शान्ति होस्। संसारमा तिमीहरूलाई सङ्क्ष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु।" र फिलिप्पी ४:१०-२० "१० म प्रभुमा साह्रै आनन्दित छु, कि अब धेरै दिनपछि मप्रति तिमीहरूको वास्ता फेरि पलाएको छ। तिमीहरू साँच्चै मेरो निम्ति चिन्तित थियौ, तर तिमीहरूलाई मौका मिलेन। *११ खाँचो पर्‍यो भनेर मैले गुनासो पोखाएको होइन, किनभने जुनसुकै परिस्थितिमा भए पनि त्यसमा सन्तुष्ट रहन मैले सिकेको छु। १२ कसरी होचिन र कसरी बढ्न म जान्दछु। परिपूर्णतामा होस् वा भोकप्यासमा होस्, प्रशस्ततामा होस् वा अभावमा होस्, सबै परिस्थितिमा सन्तुष्ट रहने रहस्य मैले सिकेको छु। १३ जसले मलाई शक्ति दिनुहुन्छ, उहाँमा नै म सब कुरा गर्न सक्छु।* १४ तापनि मेरो कष्टमा तिमीहरू सहभागी भयौ, सो असल गर्‍यौ। १५ तिमी फिलिप्पीहरू आफै पनि जान्दछौ, कि सुसमाचारको सुरुमा म माकेडोनियाबाट बिदा हुँदा, दिने र लिने काममा, तिमीहरूबाहेक कुनै

**मण्डलीको सहभागिता मसँग भएको थिएन, १६ किनभने थेसलोनिकेमा पनि तिमीहरूले मलाई एक पटकभन्दा बढ़ी नै मेरो निम्ति सहायता पठायौ। १७ मैले भेटी खोजेको होइन, तर म त तिमीहरूमा यस्तो फलको आशा राख्छु, जो तिमीहरूकै हिसाबमा जम्मा हुँदैजाओस्। १८ मैले पाउनुपर्नेभन्दा बढ़ी नै पाएको छु। इपाफ्रोडिटसद्वारा पठाइदिएका तिमीहरूको मीठो बास्ना भएको, र परमेश्वरलाई मनपर्दो र ग्रहणयोग्य बलिदान पाएर म तृप्त भएको छु। १९ मेरा परमेश्वरले आफ्नो महिमामा उहाँको सम्पत्तिअनुसार तिमीहरूको हरेक खाँचो ख्रीष्ट येशूमा पूरा गरिदिनुहुनेछ। २० अब हामीहरूका परमेश्वर र पितालाई सदासर्वदा महिमा होस्। आमेन।"**

हो, हामी येशूभक्त भएको हैशियतले हामीले परमेश्वरको वास्तविकताकोमात्र अनुभव गर्दैनौं तर उहाँसँग नजिक हुनु र सङ्गतिमा रहनु भनेको मनगढन्ते वा काल्पनिक वा मनको कुरामात्र नभएर वास्तविक नै रहेछ भनेर महसुस गर्नसक्छौं। अनि जब परमेश्वर हामीहरूको साथमा हुनुहुन्छ भन्ने आत्मज्ञानले जीवनको पीडादेखि हामीलाई राहत दिलाउँछ र सान्त्वना मिल्दछ। अदनको बगैंचामा उहाँले केवल यो भाषणमात्र छाँट्नुभएन, "मानिस एक्लो रहन उचित छैन" (उत्पत्ति २:१८ रूपान्तरित)। पापले क्षतविक्षत भएको यस संसारमा जतिसुकै धर्मको नाउँमा परमेश्वरसँग लाग्छु भनेतापनि वा उहाँसँग मिठो सङ्गति गरेतापनि मानिसलाई साथ दिन अर्को मानिसको साथ चाहिन्छ भन्ने कुरो परमेश्वरले ख्याल गर्नुहन्छ। त्यसैकारण उहाँले आदमलाई उनलाई सुहाउँदो वा सहयोग गर्ने सहयोगी हव्वालाई सृष्टि गर्नुभयो। यस परिवेशमा झन हामीलाई सहयोगी वा अरू मानिसको सङ्गतको झन धेरै आवश्यक भएको महसुस गर्नु जरुरी छ।

हुलका हुल मानिसहरू छन्, परिवारहरू नजिक वा टाढा जतातते छन्, साथीहरू धेरै छन्, समाजमा भिजिरहेका छन् भन्दैमा कहिलेकाहीं वा कुनै न कुनै मानिसले एक्लोपना महसुस गरेको हुँदैन भन्ने हुन्न। बाहिरीरूपमा हँसिलो देखिएतापनि कुनै न कुनै मानिस एक्लोपनाले पीडित हुनसक्छ भन्ने कुरामा हामीले ख्याल गर्नुपर्छ। ठूलो रमझमी सहरको वातावरणमा हुनेहरू वा अरू मानिसहरूसँग भिजिरहने मानिसहरूमा कतिपयले अत्यन्तै एक्लो महसुस गरिरहेको हुन्छ। मानिसहरूसँग हाँसीठट्टा गऱ्यो भन्दैमा उनिहरूमा भित्री एक्लोपना हुँदैन भन्ने हुँदैन र कतिपयलाई सङ्गति वा मित्रताको खाँचो पर्दछ।

जबसम्म कसैसँग कुरा गर्दैन तबसम्म ऊ एक्लो भएको, सबैबाट त्यागिएको, वास्ता नगरिएको, चित्त दुःखिरहेको वा कसैको साथ खोजिरहेको भन्ने थाहा हुँदैन। जोभएतापनि त्यस्ता व्यक्तिप्रति संवेदनशील भएर उसलाई सहायता गर्न तपाईंले कसरी खोज्ने?

## २. अविवाहित जीवन

एक जना युवतीले बिवाह गरिएन भने के के फाइदा हुनेरहेछ भनेर यसरी आफ्नो विचार व्यक्त गरिन्, "दुई पल्ट प्रभुको काममा बाहिरी देशमा जान मलाई निम्तो दिएको थियो जुन मैले नहिचकिचाइकनै स्वीकारें।" तर विवाहित व्यक्तिलाई त्यस्तो निर्णय गर्न केही समय लाग्न सक्छ किनभने उसले त्यो निर्णय गर्नुभन्दा अघि आफ्नी श्रीमती वा श्रीमान र छोराछोरीहरूको पनि ख्याल गर्नुपर्छ।

प्रेरित पावलका अनुसार विवाह नगरि रहनुको केही असल कारणहरू के के छन् भनेर १ कोरन्थी ७:२५-३५मा यसरी व्यक्त गर्दछन् "२५ अब कन्याहरूका बारेमा प्रभुको आज्ञा मसित केही छैन। तर प्रभुको कृपाद्वारा एउटा विश्वासयोग्य व्यक्तिको हैसियतले म तिमीहरूलाई आफ्नो सल्लाह दिन्छु। २६ वर्तमान सङ्कष्टलाई हेर्दा, जुन व्यक्ति जस्तो अवस्थामा छ त्यसैमा नै रहे असल होला भन्ने म ठान्छु। २७ के तिमीले विवाह गरेका छौ? त्यसो भए आफ्नी पत्नीबाट छुट्न नखोज। के तिमी अविवाहित छौ? त्यसो भए विवाह गर्न नखोज। २८ तर तिमीले विवाह गर्‍यौ भने पनि त्यो पाप होइन। कन्याकेटीले विवाह गर्दैमा त्यसले पाप गरेकी हुँदिन। तरै पनि विवाह गर्नेहरूले यस जीवनमा कष्टहरूको सामना गर्नुपर्नेछ, र म तिमीलाई यसदेखि जोगाउन चाहन्छु।

२९ भाइ हो, मेरो भन्ने कुरा यही हो, कि समय थोरै छ, र अब उप्रान्त पत्नी हुनेहरू पत्नी नभएकाहरूजस्तै भएर रहून्। ३० शोक गर्नेहरू शोक नगरेकाहरूजस्ता र हर्ष मनाउनेहरू हर्ष नमनाउनेहरूजस्ता भएर रहून्। किनमेल गर्नेहरू आफूसँग केही थोक नभएजस्तै रहून्। ३१ र तिनीहरू जसले संसारका थोकहरू उपभोग गर्छन्, तिनमा आफ्नो केही चासो नभएजस्तै गरून्, किनकि संसारको वर्तमान रूप बितेर जाँदैछ। ३२ तिमीहरू सबै निष्फिक्री अर्थात् चिन्ता नगर्ने होओ भन्ने म चाहन्छु। विवाह नभएको मानिसले प्रभुलाई कसरी खुशी तुल्याऊँ भनेर प्रभुकै कुराको विषयमा फिक्री गर्दछ, ३३ तर विवाह भएको मानिसले पत्नीलाई कसरी खुशी राखूँ भनेर संसारका कुराको फिक्री गर्दछ।

**३४ यस्तो मानिसको मन दुईपट्टि लागेको हुन्छ। विवाह नभएकी स्त्रीले शरीर र आत्मा दुवैमा कसरी पवित्र रहूँ भनेर प्रभुकै कुराका विषयमा फिक्री गर्दछे। तर विवाह भएकीले चाहिँ कसरी आफ्ना पतिलाई खुशी राखूँ भनी संसारका कुराको फिक्री गर्दछे। ३५ यो कुरा तिमीहरूमाथि प्रतिबन्ध लाउनलाई होइन तर तिमीहरूका भलाइको लागि नै भनिरहेछु, यस हेतुले कि तिमीहरू एक चित्तका भई प्रभुप्रति भक्तिसाथ ठीक किसिमको जीवन यापन गर्न सक।"**

विवाह गर्नु परमेश्वरको चाहना हो भनेर कतिपयले सोच्दछन्। प्रभु परमेश्वरले भन्नुभएको थिएन र, "मानिस एक्लै रहनु असल छैन?" यद्यपि, बाइबलमा धेरै पात्रहरू छन् जसले विवाह गरेका थिएनन्। त्यसमा अत्यन्त ठूलो उदाहरण येशू ख्रीष्ट हुनुहुन्थ्यो।

अगमवक्ता यर्मियालाई विवाह नगर्न निर्देशन दिइएको थियो (यर्मिया १६:१-३)। ऐतिहासिक परिस्थितिलाई मध्य नजर राखेर त्यो निर्देशन दिइएको थियो। त्यसबेला इस्राएलमा परमेश्‍वरले न्याय गर्न खोज्नुभएको थियो। पछि त्यो निर्दशनलाई हटाइयो कि हटाइएन सो हामीलाई थाहा छैन तर जब यर्मिया अविवाहित थिए तब उनी एक महान् अगमवक्ताको रूपमा गनिन पुगेका थिए।

अगमवक्ता इजिकिएल विवाहित थिए तर उनको काममा त्यस्तो ठूलो बाधा आएको थिएन। उनकी श्रीमतीको अचानक मृत्यु भएको थियो। तर उनलाई आफ्नो पत्नीको मृत्युमा धेरै शोक गरेर नबिताउन निर्देशन दिइएको थियो ताकि परमेश्वरले उनलाई खटाइएको कामलाई निरन्तरता दिइयोस् (इजकिएल २४:१५-१८)। अगमवक्ता होशेको विवाहित जीवन क्षतविक्षत भएको थियो तैपनि परमेश्वरको सेवाकार्यमा बिनारोकटोक उनले निरन्तरता दिन सकेका थिए। यो हामीलाई अचम्म लाग्न सक्छ, परमेश्वरले होशेलाई वेश्यासँग विवाह गर्न अऱ्हाउनुभएको थियो। त्यो पनि परमेश्वरलाई थाहा थियो कि ती वेश्या अगमवक्तालाई छोडेर अर्कैसँग लाग्नेछिन् (होशे १-३)। पछाडि फर्केर हेर्दा परमेश्वरले होशेलाई प्रयोगशाला बनाउनुभएको थियो। इस्राएल र हामीप्रति परमेश्वरको प्रेम एकतर्फी हुन्छ भनेर चित्रण गर्न होशेको जीवनबाट उहाँले देखाउन चाहनुभएको थियो। अरूलाई त्यो पाठ सिकाउन आफूलाई परमेश्वरले प्रयोग गर्नुभएकोमा उनलाई अत्यन्तै पीडादायी भएको थियो भनेर हामीले अनुमान गर्नसक्छौं।

अगमवक्ताहरूको जीवनमा दिइएको उदाहरणमा विवाह गर्नु वा नगर्नु महत्त्वपूर्ण विषय थिएन। परमेश्वरले के सन्देश दिन चाहनुहुन्थ्यो त्यो सन्देश

बताउन उहाँलाई त्यस्तो मानिसको खाँचो थियो जो इमान्दारी, आज्ञाकारी, सामर्थी र सत्यनिष्ठामा हिँड्दथ्यो। हामीहरूको जीवन कस्तो छ भनेर हामीहरूको वैवाहिक अवस्थाले देखाउन आवश्यक छैन भन्ने कुरामा हामी निश्चित वा स्पष्ट हुनुपर्दछ। कतिपय मानिसहरूले भन्छन् होलान् जबसम्म हामी विवाह गर्दैनौं तबसम्म हामी परिपक्व मानिस बन्दैनौं। त्यसको जवाफमा पावलले भन्दछन् "यस संसारका वा भौतिकतामारुपमामात्र मोह हुने मानिसहरू जस्तो नहोऊ।" बरू "तिमीहरूको शरीर परमेश्वरको निम्ति जिउँदो शहिद होस्। तिमीहरू शुद्ध र खुशी पार्ने हुनुपर्दछ।" (रोमी १२:१,२ रूपान्तरित। पावल पूर्णरूपमा यसरी व्यक्त गर्दछन् "१ यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। २ यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक")।

१ यसकारण भाइ हो, परमेश्वरको कृपालाई ध्यानमा राखी म तिमीहरूलाई अनुरोध गर्दछु, कि तिमीहरूको आत्मिक उपासनाको रूपमा आ-आफ्ना शरीरलाई पवित्र र परमेश्वरलाई ग्रहणयोग्य हुने जिउँदो बलिको रूपमा अर्पण गर। २ यस संसारको ढाँचामा नचल, तर आफ्नो मनमा नयाँ भई पूर्ण रूपले परिवर्तित होओ, र परमेश्वरको असल, ग्रहणयोग्य र सिद्ध इच्छा के हो, त्यो तिमीहरूले जाँच्न सक।

**चर्चमा वा चर्च बाहिरका अविवाहित पुरुष वा महिला ती मानिसहरूको सेवा गर्न तपाईंसँग के व्यवाहारिक सुझावहरू छन्?**

## ३. जब वैवाहिक जीवनको अन्त हुन्छ

पापले गर्दा मानवतालाई क्षतविक्षत त पारेकै छ। मानिसको जीवनमा आइपर्ने शारीरिक दुःख कष्ट र मृत्यु बाहेक मानव जीवनमा पापको कारण अर्को महत्त्वपूर्ण निकायलाई बरबाद पारिरहेको छ। त्यो के हो भने "बिग्रिएको परिवार"। यसमा कसैले असहमति जनाउँदैन। राजादेखि रैति वा सर्वसाधारण जनतासम्ममा कुनै न कुनै किसिमले कुन परिवार बिग्रेको वा विखण्डन भएको छैन होला?

पारपाचुके वा पतिपत्नी बीचमा सम्बन्ध बिच्छेद गर्नु भनेको मृत्यसँग सामना गर्नुजस्तो भयाभव स्थितिको अनुभव गर्नु हो। सम्बन्ध बिच्छेदमा अनेकौं भावानत्मक पीडाहरू शृङ्खलाबद्धरूपमा भोगिरहेका हुन्छन्। त्यसले महिनौंसम्म परिवारलाई शोकित बनाउँछ। सम्बन्ध बिच्छेदले ल्याउने बेदना कसैको छिटै निको हुनसक्छ भने कसैको जिन्दगीभर रहिरनसक्छ। कतिलाई त त्रसित पनि बनाउँछ, अब के गर्ने भनेर बिच्छेदको मारमा परेको व्यक्ति बिचलित हुनसक्छ। अब कसरी जीवन चलाउने, समाजमा र समाजसँग कसरी मिलेर बस्ने भनेर डरले पनि त्यस व्यक्तिलाई पछार्न सक्छ। सम्बन्ध बिच्छेदको चपेटामा परेका कतिपय मानिसहरू रिस र उदासिनताको चक्करमा पर्न सक्छन्। र साथै त्यसले छुटिनुपर्ने दम्पती र छोराछोरीहरूको बीचमा एक्लोपनाको पीडाले ग्रसित हुनसक्छ।

**सम्बन्ध बिच्छेद वा पारपाचुकेको मामिलामा के उदारनीतिहरू देहायका पदहरूले हामीलाई देखाउँदछन्? हेर्नुहोस्: मलाकी २:१३-१६ "१३ तिमीहरू अर्को कुरा गर्दछौः तिमीहरू परमप्रभुको वेदीलाई आँसुले भिजाउँदछौ। तिमीहरू रुँदछौ र विलाप गर्दछौ, किनभने उहाँले तिमीहरूका हातको भेटीलाई कहिल्यै ध्यान दिनुहुन्न, न त त्यो उहाँलाई ग्रहणयोग्य हुन्छ। १४ तिमीहरू सोध्छौ, “किन?” किनभने परमप्रभु तिमीहरू र तिमीहरूको जवानीपनकी पत्नीको बीचमा साक्षीको काम गर्दैहुनुहुन्छ, किनकि तिमीहरूले त्यससँगको विश्वास भङ्ग गर्‍यौ, यद्यपि तिनी तिम्री जीवन-साथी र वैवाहिक करारमा बाँधिएकी पत्नी हो। १५ के परमप्रभुले तिनीहरूलाई एउटै बनाउनुभएको होइन र? शरीर र आत्मामा तिनीहरू उहाँकै हुन्। अनि तिनीहरू किन एउटै हुन्? किनभने उहाँले ईश्वरीय सन्तान खोज्दैहुनुहुन्थ्यो। यसैले तिमीहरू आफ्नो आत्माको रक्षा गर, र आफ्नो जवानीपनकी पत्नीसँगको विश्वास भङ्ग नगर। १६ “सम्बन्धविच्छेदको कुरालाई म घृणा गर्दछु,” परमप्रभु इस्राएलका परमेश्वर भन्नुहुन्छ। “मानिस आफैलाई आफ्नो वस्त्रलेझैं अत्याचारले ढाक्ने कामलाई पनि म घृणा गर्दछु,” सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। यसैले आफूलाई आत्मामा स्वयम् रक्षा गर, र विश्वास भङ्ग नगर।", मत्ती ५:३१,३२ "३१ “यसो पनि भनिएको छ, कि ‘जसले आफ्नी पत्नीलाई त्याग गर्छ, त्यसले तिनलाई त्यागपत्र लेखिदेओस्।’ ३२ तर म तिमीहरूलाई भन्दछु, जसले आफ्नी पत्नीलाई व्यभिचारको कारणबाहेक अरू कारणले त्याग गर्ला, त्यसले उसलाई व्यभिचारिणी तुल्याउँछ, र जसले त्याग गरिएकी स्त्रीसँग विवाह गर्ला, त्यसले व्यभिचार गर्नेछ।", मत्ती १९:३-११ "३**

फरिसीहरू उहाँकहाँ (येशू) आएर उहाँलाई जाँच गर्न भनी उहाँलाई सोधे, "के कसैले कुनै कारण पत्नीसँग विवाहविच्छेद गर्न उचित छ?"

४ तर उहाँले भन्नुभयो, "के तिमीहरूले पढ़ेका छैनौ, कि सृष्टिकर्ताले तिनीहरूलाई सुरुमा नै नर र नारी बनाउनुभयो, ५ र भन्नुभयो, 'यसैकारण मानिसले आफ्ना बुबा र आमालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुई जना एउटै शरीर हुनेछन्।' ६ ती अब दुई होइनन्, तर एउटै शरीर हुन्छन्। यसकारण परमेश्वरले जसलाई एकसाथ जोर्नुभएको छ, त्यसलाई कुनै मानिसले नछुट्ट्याओस्।" ७ तिनीहरूले उहाँलाई भने, "मोशाले किन विवाहविच्छेदको त्यागपत्र दिएर पत्नीलाई त्याग्ने आज्ञा दिए?" ८ उहाँले तिनीहरूलाई भन्नुभयो, "तिमीहरूका हृदयको कठोरताले गर्दा नै मोशाले पत्नीलाई त्याग गर्ने अनुमति तिमीहरूलाई दिएका हुन्। तर सुरुदेखि यस्तो थिएन। ९ म तिमीहरूलाई भन्दछु, जसले व्यभिचारको कारणबाहेक आफ्नी पत्नीलाई त्यागेर अर्कीसँग विवाह गर्छ, त्यसले व्यभिचार गर्दछ, अनि जसले त्यागिएकीलाई विवाह गर्छ, त्यसले पनि व्यभिचार गर्दछ।" १० चेलाहरूले उहाँलाई भने, "पति-पत्नीको यस्तै सम्बन्ध हो भनेता, विवाह नगर्नु नै असल हुनेछ।" ११ येशूले तिनीहरूलाई जवाफ दिनुभयो, "सबै मानिसले यो वचन ग्रहण गर्न सक्दैनन्, केवल तिनीहरूले मात्र सक्छन् जसलाई यो दिइएको छ। १२ किनकि कोही जन्मँदै नपुंसक हुन्छन्, कतिचाहिँ मानिसले बनाएका नपुंसक हुन्छन्। कतिचाहिँ आफैले आफैलाई स्वर्ग-राज्यको निम्ति नपुंसक बनाउँछन्। जसले यो ग्रहण गर्न सक्छ, त्यसले त्यो ग्रहण गरोस्।" र १ कोरन्थी ७:८-१६ "८ तर अविवाहित र विधवाहरूलाई म भन्दछु, तिनीहरू मजस्तै अविवाहित रहे तिनीहरूका निम्ति असल हुनेछ। ९ तर तिनीहरूले आफूलाई वशमा राख्न सक्दैनन् भने तिनीहरूले विवाह गरून्। किनभने कामवासनामा जल्नुभन्दा विवाह गर्नु असल हो। १० अब विवाहितहरूलाई म कड़ा आज्ञा दिन्छु (मेरो आज्ञा होइन, तर प्रभुको आज्ञा हो): पत्नी पतिबाट नछुटोस्। ११ तर छुट्टिएर बसिहाले तापनि त्यसले विवाह नगरोस्, बरु आफ्नो पतिसँग मिलाप गरोस्। पतिले आफ्नी पत्नीलाई नत्यागोस्। १२ तर तिमी अरूहरूलाई म भन्दछु (यो मेरो भनाइ हो, प्रभुको होइन), यदि कुनै भाइकी ख्रीष्टमा विश्वास नगर्ने पत्नी छ, र तिनी ऊसँग बस्न चाहन्छिन् भने, उसले त्यसलाई नत्यागोस्। १३ यदि कुनै स्त्रीको ख्रीष्टमा विश्वास नगर्ने पति छ, र त्यो ऊसित बस्न चाहन्छ भने, तिनले आफ्नो पतिलाई नत्यागोस्। १४ किनकि अविश्वासी पति आफ्नी पत्नीद्वारा पवित्र हुन्छ, र अविश्वासी पत्नी

**आफ्नो पतिद्वारा पवित्र हुन्छे, नत्रता तिनीहरूका छोरा-छोरीहरू अशुद्ध हुनेछन्, तर वास्तवमा तिनीहरू त पवित्र छँदैछन्। १५ तर विश्वास नगर्नेचाहिँ छुट्टिन्छ भने छुट्टिओस्। यस्तो अवस्थामा त्यो ख्रीष्टियान पति अथवा पत्नी कुनै बन्धनमा रहनेछैन। किनभने परमेश्वरले हामीलाई शान्तिमा रहन बोलाउनुभएको हो। १६ हे पत्नी, तिमीलाई के थाहा! शायद तिमीले आफ्ना पतिलाई बचाउन सक्छ्यौ कि? अथवा हे पति, तिमीलाई के थाहा! शायद तिमीले आफ्नी पत्नीलाई बचाउन सक्छौ कि?"**

"येशूले मानिसहरूलाई उद्धार गर्न खटाउनुभएको निकाय चर्च हो। चर्चका सदस्यहरूको सबै आवश्यकताको सेवा गर्न र तिनीहरूलाई येशूका परिपक्व भक्तहरू बनाउन चर्चको सृजना गरिएको हो। जब कसैले जीवनभरि असर पार्ने विवाहको निर्णय गर्नुपर्दा र पारपाचुके जस्ता असह्य पीडाको अनुभव गर्दछ भने चर्च उसको साथमा उभिनुपर्छ। जब विवाहित दम्पत्तीको सम्बन्ध बिग्रिन्छ र तिनीहरू छुट्टिने परिस्थितिमा पुग्छन् भने तिनीहरूलाई सेवा गर्ने चर्च परिवारले तिनीहरूलाई मिलाउन र फाटेकोसम्बन्धलाई जोड्ने परमेश्वरका नीतिहरू अनुसार सकेसम्म सबै प्रयासहरू गरिनुपर्छ (होशे ३:१-३ "१ परमप्रभुले मलाई भन्नुभयो, "जा, फेरि गएर तिम्री पत्नीलाई तिम्रो माया देखाऊ, हुन त त्यसलाई अर्को पुरुषले माया गर्छ र त्यो व्यभिचारिणी हो। त्यसलाई माया गर, जस्तो गरी परमप्रभुले पनि इस्राएलीहरूलाई माया गर्नुहुन्छ, यद्यपि तिनीहरू अन्य देवताहरूतिर लाग्छन् र ती पवित्र दाखका रोटीहरू मन पराउँछन्।" २ यसैले मैले त्यसलाई पन्ध्र शेकेल ओजनको चाँदी र अढ़ाइ मुरी जौ दिएर किनें। ३ तब मैले त्यसलाई भनें, "तिमी धेरै दिनसम्म मसँग बस्नुपर्छ। तिमीले वेश्या काम नगर्नू र कुनै पुरुषसँग घनिष्ठ नबन्नू, र म तिमीसँगै बस्नेछु।" र १ कोरन्थी ७:१०-११ "१० अब विवाहितहरूलाई म कड़ा आज्ञा दिन्छु (मेरो आज्ञा होइन, तर प्रभुको आज्ञा हो): पत्नी पतिबाट नछुटोस्। ११ तर छुट्टिएर बसिहाले तापनि त्यसले विवाह नगरोस्, बरु आफ्नो पतिसँग मिलाप गरोस्। पतिले आफ्नी पत्नीलाई नत्यागोस्"। १ कोरन्थी १३:४-७ "४ प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाह गर्दैन, न शेखी गर्छ। ५ प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन। ६ प्रेम खराबीमा प्रसन्न हुँदैन, तर ठीक कुरामा रमाउँछ। ७ प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ।" र गलाती ६:१-२ "१

भाइ हो, यदि कुनै मानिस अपराधमा पक्राउ पऱ्यो भने तिमीहरू जो आत्मिक छौ, तिमीहरूले नै नम्रतापूर्वक तिनको सुधार गर। आफ्नै पनि विचार राख, नत्रता तिमीहरू पनि परीक्षामा पर्नेछौ। २ एउटाले अर्काको भार उठाओ, र यसरी ख्रीष्टको व्यवस्था पूरा गर)"।

"बलियो इसाई घरगृहस्थी चलाउने तरिकाहरू चर्च र चर्चका अरू संस्थाहरूमा विभिन्न स्रोतहरू उपलब्ध गराउन सकिन्छ। ती स्रोतहरूलाई उपयोग गरियो भने चर्चका सदस्यहरूले ठूलो फाइदा लिन सक्छन्। उपलब्ध हुनसक्ने ती स्रोतहरूमाः (१) विवाहको निम्ति सोचिरहेका पुरुष र स्त्रीलाई विवाह र घरगृहस्थीको बारेमा जानकारी दिने कार्यक्रम (२) विवाह भइसकेका परिवार र तिनीहरूको परिवारलाई घर थामी राख्ने उपायहरू सिकाउने कार्यक्रम र (३) टुक्रिएको वा बिचलित भएका परिवार र पारपाचुके गरिएका व्यक्तिहरूलाई सहयोग गर्ने कार्यक्रम।"-द सेभेन्थ-डे एडभेन्टिस्ट चर्च म्यानुयल, १९सौं संस्करण (नाम्पा, आइडाहोः पासिफिक प्रेस, २०१६), पृ. १६१बाट रूपान्तरित।

**यदि कोही सम्बन्ध बिच्छेद गर्ने विषयमा सोचिरहेको छ भने कसैको मूल्याङ्कन वा न्याय नगरिकन वा आलोचना नगरिकन तपाईंले कुनकुन व्यवाहारिक तरिकाहरू अपनाएर उसलाई सहयोग गर्न सक्नुहुन्छ?**

## ४. मृत्यु र एक्लोपना

एक जनाले यो प्रश्न गरेको थियोः मृत्युको विषयमा मानिस र कुखुरामा के फरक छ? यसको जवाफमा मृत्यु भनेको कुखुराको पनि हुन्छ र मानिसको पनि हुन्छ। हामी सबैलाई थाहा छ हामी मर्छौं तर कुखुरालाई थाहा छैन। यो नै मानिस र कुखुरा वा कुनै पशुको बीचमा हुने भिन्नता हो। हामी अहिले कसरी जिउँछौं त्यसलाई हामीहरूको मृत्युको ज्ञानले ठूलो प्रभाव पार्दछ।

हामीहरूका सबै सम्बन्धहरू चाहे बिवाहको सम्बन्ध होस् ढिलो र चाँडो होस् त्यसको अन्त हुन्छ जब हामीहरूको परमशत्रु मृत्युको सामना हामी गर्दछौं। एक आपसमा हामीहरूको सम्बन्ध जतिसुकै नजिक वा घनिष्ठ भएतापनि, हामीमा जतिसुकै गाढा प्रेभ भएतापनि, मित्रता, पारिवारिक वा दाम्पत्य जीवनको सम्बन्ध जतिसुकै गहिरो भएतापनि, एक आपसमा थोरै वा धेरै जतिसुकै समय बिताएतापनि हामी सबैलाई थाहा छ ढिलो वा चाँडो मृत्यु

आउँछ जुन कुरो कुखुरा वा पशुलाई थाहा छैन। अनि चटक्कै हामीहरूको सबै सम्बन्ध खतम हुन्छ। येशूको आगमन हुनुभन्दा अघिसम्म मृत्युको सामना गर्नु हामी सबैको वाध्यता हो। यो पापले ल्याएको परिणाम हो।

आदम र हव्वामा पहिला कसको मृत्युभयो भनेर बाइबलले बताउँदैन। तर एकको मृत्यु हुँदा अर्कोलाई अत्यन्त पीडा भएको हुनुपर्छ, किनभने विशेष गरेर जीवनको सुरुमा मृत्युको संलग्नता भएर सृजिएको थिएन। जब पाप यस संसारमा पस्यो तिनीहरूले आफ्नै हातले पातहरू झारेर त्यसलाई बुनेर लुगा लगाएका थिए। त्यो पात झार्नु नै पातको मृत्यु थियो। यदि त्यसले आदम र हव्वालाई शोकमा डुवायो होला भने एकको मृत्युमा अर्कोको पीडा झन कस्तो होला? त्यो हामीले कल्पना गर्न सक्दैनौं।

एउटा मानवीय समस्या त के छ भने मृत्यु आउँछ नै थाहा पाएतापनि त्यसको निम्ति हामी कसरी तयारी हुने भन्ने कुरालाई कतिपयले वास्ता गर्दैन। एक फेरा मरेपछि फेरि मर्नेछ भन्ने अनुभव हामीलाई हुँदैन। कतिपयलाई त अचानक मृत्यु किन आयो त्यसको अर्थ नहुनसक्छ र प्रायजसो हुँदैन पनि किनभने हामीले नसोचैकै बेलामा हाम्रो मात्र होइन अरूको पनि मृत्युले हामीलाई छोप्दछ।

**मृत्युको बारेमा सोच्दा कतिपय मानिसहरूको दिमाग खानपनि सक्छ। देहायका पदहरूले हामीहरूलाई मृत्युको बारेमा के सिकाउँदछ र त्यसको बारेमा बुझ्न मानिसहरूले कसरी कोसिस गरे सो पदले हामीलाई बताउँदछ। हेर्नुहोस्ः यशैया ५७ः१,२ "१ धर्मी मानिसहरू नष्ट हुन्छन्, र त्यस कुराको कसैले आफ्नो मनमा वास्ता गर्दैन। भक्त मानिसहरू उठाइलगिन्छन्, तर कसैले बुझ्दैन कि दुष्टदेखि जोगाइनलाई धर्मी मानिस उठाइलगिन्छन्। २ धर्मको बाटोमा हिंड्नेहरू शान्तिमा प्रवेश गर्छन्। तिनीहरू मृत्युमा सुतिरहँदा विश्राम पाउँछन्।", प्रकाश २१ः१-४ "१ तब मैले नयाँ आकाश र नयाँ पृथ्वी देखें, किनकि पहिलो आकाश र पहिलो पृथ्वी बितिगएका थिए। समुद्र त अब छँदैथिएन। २ अनि मैले परमेश्वरबाट दुलहाको निम्ति दुलही जस्तै गरी सिङ्गारिएर तयार पारिराखेकी, अर्थात् पवित्र सहर, नयाँ यरूशलेम स्वर्गबाट तलतिर झरिरहेको देखें। ३ सिंहासनबाट यसो भन्ने एउटा चर्को सोर मैले सुनें, "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमेश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। ४ *उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले***

*पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।"*, १ थेस्सोलिनिकी ४:१३-१८ "१३ तर भाइ हो, सुतिगएकाहरूका विषयमा तिमीहरू अजान बस भन्ने हामी इच्छा गर्दैनौं, र तिमीहरूले आशा नहुने मानिसहरूजस्ता शोक गर्नु नपरोस्। १४ किनकि हामी विश्वास गर्छौं, कि येशू मर्नुभयो र फेरि जिइउठ्नुभयो र त्यसरी नै परमेश्वरले उहाँमा सुतिगएकाहरूलाई येशूद्वारा ल्याउनुहुनेछ। १५ प्रभुको वचनद्वारा हामी तिमीहरूलाई घोषणा गर्छौं, कि हामी, जो जीवित छौं र प्रभुको पुनरागमनसम्म बाँचिरहन्छौं, सुतिगएकाहरूलाई कुनै किसिमले पनि उछिन्नेछैनौं। १६ किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरका तुरहीको सोरसित स्वर्गबाट ओर्लनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन्। १७ तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौं, र यसरी हामी सधैं प्रभुसँग रहनेछौं। १८ यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सान्त्वना देओ।", मत्ती ५:४ "धन्य शोक गर्नेहरू, किनभने तिनीहरूले सान्त्वना पाउनेछन्।", २ शमूएल १८:३३ "तब राजा दाउद शोकाकुल भएर मूल ढोकामाथिको कोठामा गएर रोए, अनि माथि हिँड्दैजाँदा तिनी यसो भन्दै रोए, "हाय मेरो छोरो! मेरो छोरो अब्शालोम, मेरो छोरो अब्शालोम! तेरो सट्टामा मै मरेको भए त हुनेथियो! हाय अब्शालोम, मेरो छोरो, मेरो छोरो!" र उत्पत्ति ३७:३१-३५ "३१ उनीहरूले (योसेफका दाजुहरू) एउटा बोका मारेर योसेफको लबेदा त्यस रगतमा चोपे। ३२ अनि त्यो राम्रा बुट्टाहरू भएको लबेदा उनीहरूले आफ्ना बाबुकहाँ ल्याएर भने, "यो हामीले भेट्टायौं। हेर्नुहोस् त, यो तपाईंको छोराको हो कि होइन?"

३३ इस्राएलले त्यो लुगा चिनेर भने, "यो त मेरो छोराकै लबेदा हो। जङ्गली पशुले त्यसलाई खाएछ क्यारे! निस्सन्देह योसेफलाई धुजाधुजा पाऱ्यो होला।" ३४ तब याकूबले आफ्ना लुगा च्याते, र तिनले आफ्नो कम्मरमा भाङ्ग्रा लाएर आफ्ना छोराको निम्ति धेरै दिनसम्म शोक गरे। ३५ तिनका सबै छोराछोरीहरूले तिनलाई सान्त्वना दिने प्रयत्न गरे, तर तिनलाई शान्ति भएन। तिनले भने, "अहँ, यो मेरो शोकमा नै म मेरो छोराकहाँ चिहानमा जानेछु।" यसरी योसेफका बाबुले तिनको निम्ति बिलौना गरे।"

निःसन्देह मृत्युको वास्तविकता हामीहरू सबैले सामना गर्दछौंः अरूको मृत्यु, हामीहरूका प्रियजनहरूको, हामीहरूले अति आदर गर्ने वा सम्मान

गर्नेहरूको, हामीहरूको नजिकको जीवन सङ्गी र हामीहरू आफ्नै पनि मृत्यु। अनि ढिलो होस् वा चाँडो होस् आफ्नो प्रियजनको मृत्युले समय र कालमा हामीलाई एक्लोपनाको महसुस गराउँछ। यो हामीहरूको कठिन परिस्थिति हो, कतिपय समयमा हामी बिचलित हुन्छौं। तर के गर्ने यस्तो समयमा परमेश्वरका प्रतिज्ञाहरूमाथि भरोसा राख्नुको कुनै विकल्प नभएको यथार्थलाई स्वीकार्नु जरुरी छ। आखिरमा, पाप, दुखकष्ट, हत्या, हिंसा, आतङ्क, पीडा, शोक र मृत्युले राज गरेको संसारमा हामीले के अपेक्षा गर्न सक्छौं त?

**तपाईंको चर्चको कुनै सदस्य होला जो आफ्नो प्रियजनको मृत्युले शोक र एक्लिएको अनुभव गरिरहेको, तपाईं र तपाईंको चर्चले त्यसलाई कसरी सान्त्वना र सहयोग गर्न सक्नुहुन्छ?**

## ५. परमेश्वरमा एक्लोपना

एक जना नाटाली नाउँ गरेकी सात वर्षसम्म विवाह गरेकी स्त्री थिइन्। एक दिन उनले साथीको निमन्त्रणामा सेभेन्थ-डे एडभेन्टिस्ट चर्चले शृङ्खलावद्धरूपमा आयोजना गरेको सुसमाचारीय कार्यक्रममा भाग लिइन्। येशूको प्रेमको कहानी सुनेर उनी उहाँप्रति आकर्षित भइन् र उहाँलाई आफ्नो जीवन समर्पण गरिन्। उनको नयाँ जन्म सबै घर परिवारको निम्ति घोर तनाव भयो। उनको श्रीमान, आमाबाबु, सासुससुरा र छिमेकीहरूले पनि उनी सेभेन्थ-डे एडभेन्टिस्ट भएकोमा ठूलो बिरोध गरे। त्यसकारण सकेसम्म आफूले पाएको नयाँ आस्था र नयाँ जीवनशैलीमै तिनीहरूसँग मिलेर बस्न खोजिन्।

तर उनलाई धेरैले ढाल्न खोजे। विशेष गरेर उनको श्रीमानले उनीसँग बादबिवाद गर्न थाले। श्रीमानको तर्क त ठिकै थियो जब उनले भने "तिमी सेभेन्थ-डे एडभेन्टिस्ट बनाउनलाई मैले विवाह गरेको होइन। तिमी नयाँ भइसकेकी छौ। मलाई पुरानो नाटलिया फिर्ता चाहिन्छ।"

धेरै वर्षदेखि उनी आफ्नो नयाँ आस्थाको जीवनसँग संघर्ष गरिरहेकी छिन्। उनी विवाहित त थिइन् तर आत्मिकरूपमा उनी एक्ली थिइन्। त्यसको अर्थ विवाह गऱ्यो भन्दैमा यदि श्रीमान वा श्रीमतीमा साझा विश्वास वा आस्था भएन भने त्यो व्यक्तिले भित्री आत्मामा एक्लो भएको महसुस गर्दछ।

**घर परिवार भएरपनि आत्मिकरूपमा एक्लिएका व्यक्तिहरूको निम्ति देहायका पदहरूले कसरी हौशला दिंदछ? हेर्नुहोस्ः यशैया ५४ः१-६ "१ हे**

यरूशलेम, तिमी बाँझी स्त्रीजस्तो छौ। तर अब तिमी आनन्दले गाउन र कराउन सक्छौ। पतिले नछोडेकी स्त्रीको भन्दा ज्यादा अब तिम्रा सन्तान हुनेछन्। २ तिमी बास गर्ने पाल बढाऊ, तिम्रा पाल सङ्कोच नमानी फैलाऊ, त्यसका डोरीहरू लामा-लामा गर् र किलाहरू बलिया बनाऊ। ३ चारैपट्टि तिमीले आफ्नो सिमाना फैलाउँनेछौ, अहिले अरू जातिका हातमा परेका जमिन तिम्रा मानिसहरूले लिनेछन्। अहिले उजाड भएका सहरहरू मानिसहरूले भरिनेछन्। ४ नडराऊ, फेरि तिम्रो अपमान हुनेछैन, तिमी होचो पारिनेछैन। तिम्रो जवानीपनको लाज भुल्नेछौ, विधवा भएपछिको घोर एक्लोपना बिर्सनेछौ। ५ तिम्रा सृष्टिकर्ता तिम्रा पतिझैं हुनुहुनेछ, उहाँको नाम सर्वशक्तिमान् परमप्रभु हो। इस्राएलका पवित्र परमेश्वर तिम्रा उद्धारकर्ता हुनुहुन्छ, उहाँ सारा संसारका परमेश्वर कहलाइनुहुन्छ। ६ ए इस्राएल, पतिले त्यागेकी एउटी तरुणी पत्नीजस्तो तिमी अत्यन्त दुःखी भएकी छौ। तर परमप्रभुले तिमीलाई फेरि बोलाउँदै हुनुहुन्छ।", होशे २:१९-२३ “१९ ए इस्राएल, म तिमीलाई मेरी पत्नी बनाउनेछु। म तिम्रो साँचो र विश्वासयोग्य श्रीमान हुनेछु। म तिमीलाई निरन्तर प्रेम र दया देखाउनेछु। सधैंको लागि तिमी मेरो हुनेछौ। २० मेरो प्रतिज्ञा पूरा गरी तिमीलाई आफ्नै बनाउनेछु र तिमीले मलाई परमप्रभु भनी स्वीकार्नेछौ। २१-२२ त्यस बेला मेरा प्रजा इस्राएलका प्रार्थनाको उत्तर दिनेछु। म जमिनमा धेरै वर्षा पठाउनेछु र जमिनले अन्न, दाख र जैतुन उब्जाउनेछ। २३ यही देशमा म मेरो प्रजालाई बसाल्नेछु त्यहाँ तिनीहरूको फलिफाप हुनेछ। "माया नगरिएकीलाई" म मेरो माया देखाउनेछु, "मेरो प्रजा होइन"लाई "तिमीहरू मेरा प्रजा हौ, " भन्नेछु। र तिनीहरूले "तपाईं हाम्रा परमेश्वर" भन्नेछन्।" र भजन ७२:१२ “उनलाई पुकार्ने दरिद्रहरूलाई उनले बचाउँछन्, उनले अभावमा परेकाहरू र हेला गरिएकाहरूको रक्षा गर्छन्।"

सारा संसारभरि हामीहरूको चर्चमा नाटालीजस्ता विवाहित महिला वा पुरुषहरू छन्। तिनीहरू प्रायजसो एक्लै चर्चमा जान्छन् वा केवल आफ्ना छोराछोरीहरूसँगमात्र जान्छन् (कतिपय अवस्थामा विवाहित वा अविवाहितमात्र नभएर घरका छोराछोरीहरू पनि आफ्ना बुबाआमाहरूसँग आस्था नमिल्दा एक्लो हुन पुगेका हुन्छन्)। विवाह गरेको बेलामा श्रीमान वा श्रीमतीका आस्थाहरू फरक थिए होलान्। विवाह गरेपछि एउटा चर्चमा सम्मिलित भए होलान् र अर्कोले चासो नदेखाएको होलान्। दुवै जना चर्चका सदस्यहरू भएतापनि एक जनाले विभिन्न कारणले चर्च छोडे होलान्, चर्चमा नगएर चर्चको

विरुद्धमा पनि लाग्छन् होलान्। ती श्रीमान वा श्रीमती चर्चमा एक्लै आउँछन् र चर्चपछि एक्लै खानुपर्ने होलान् वा सुसमाचारीय प्रचार वा सामाजिक क्रियाकलापमा एक्लै होलान्। आफ्नो श्रीमान वा श्रीमतीले चर्चलाई दिनुपर्ने आर्थिक सहयोग दिन नसक्दा दुखित होलान् किन भने एकले अर्कोप्रति सहमति जनाउँदैनन्। विवाह भएतापनि तिनीहरू आत्मिक रूपमा विधवा वा विधुर भएको तिनीहरूले अनुभव गरिरहेका हुन्छन्।

हामीहरूको चर्चको जीवनमा यस्ता मानिसहरू छ्यापछ्याप्ति छन्। ती सबैलाई हामीहरूको माया, सहयोग र हौशलाको आवश्यक छ।

**विवाह भएतापनि वा अरू कुनै आत्मिकरुपमा एक्लो जीवन बिताइरहेका व्यक्तिहरूलाई चर्चको हैसियतले हामी के के गर्नसक्छौं?**

## उपसंहारः

<u>थप जानकारी</u>ः **"हनोक आफ्नो काममा अत्यन्तै व्यस्त हुन्थे। तैपनि आफ्नो व्यवस्थाताको बाबजुद परमेश्वरसँगको सम्पर्क निरन्तररूपमा जारी राखेका थिए। जति ठूलो कामको दवाव उनमा थियो त्यत्ति उनी परमेश्वरसँग भित्रिहृदयदेखि प्रार्थनामा लागिरहन्थे।** सबै सामाजिक जीवनबाट उनी केही समय आफूलाई अलग राख्थे। उदाहरणद्वारा र परिश्रमद्वारा उनले मानिसहरूलाई सिकाउँथे। मानिसहरूको बीचमा समय बिताएपछि परमेश्वरको ज्ञानको निम्ति भोकाउँदै तिर्खाउँदै केही समय परमेश्वरसँग समय बिताउँथे र उहाँले दिनुहुने आत्मज्ञानमा उनी ध्यानमग्न हुन्थे। जति धेरै हनोकले परमेश्वरसँग समय बिताए त्यति धेरै उनी परमेश्वरको स्वभावलाई प्रतिबिम्बित गर्न थाले। जसरी येशूको अनुहार चम्कन्थ्यो त्यसरी नै हनोकको अनुहार पनि पवित्र ज्योतिले चम्किन थालेको थियो। जब परमेश्वरसँग समय बिताएपछि उनी मानिसहरूकहाँ आउँथे तब परमेश्वरलाई विश्वास नगर्नेहरू पनि उनको अनुहार देखेर आश्चर्यले चकित हुन्थे किनभने उनको अनुहारमा स्वर्गको आनन्दको छाप देखिन्थ्यो।"-एलेन जी ह्वाइट, *गस्पल वर्कर्स,* पृ. ५२बाट रूपान्तरित। हनोकको बारेमा यहाँ व्यक्त गरिएको कथा तिनीहरूको निम्ति अत्यन्तै उत्साहप्रद छ जो परमेश्वरसँग राजीखुशीले एक्लो समय बिताउन चाहन्छन्। तर कतिले त नचाहाँदा नचाहाँदैमा पनि एक्लो जीवन बिताउन वाध्य हुन्छ। यथार्थमा तिनीहरू एक्लो हुन चाहँदैनन्। परमेश्वर सदासर्वदा हामीहरूको साथमा रहनुभएकोले उहाँसँग सधैं आनन्दसँग समय बिताउन त

सक्छौं तर हामीहरू मानव जातिभएकोले समुच्चरूपमा हामीलाई मानवजातिको सङ्गति र सहपाठीको आवश्यकता भएको महसुस गरिरहन्छौं। हामीसँगै आराधना गर्ने कतिपय विश्वासीहरू एक्लोपनाको कारण उदासले दिक्क भएका होलान्। त्यसकारण हामी चर्च भएको हैसियतले तिनीहरूप्रति संवदेनशील भएर तिनीहरूको वास्ता गर्नु जरुरी ठान्नुपर्दछ। कहिलेकाहीँ तपाईँलाई पनि एक्लो भएर नियास्रो लागेको बेलामा चर्चमा कोही न कोही होला जसलाई तपाईँले विश्वास गर्नुहुन्छ र उसलाई दुःख पोखाउन नहिचकिचाउनुहोस्। बाहिरी अनुहारले भित्री पीडा कतिलाई थाहा हुँदैन। कतिपय मानिसहरूले आफ्ना पीडाहरू भित्रै लुकाउन मनपराउने हुन्छन्।

**चिन्तनमननः**

**अ) तपाईँको चर्चमा एक्लोपनाले नियास्रो मानिरहेका मानिसहरूप्रति तपाईँ कसरी संवेदनशील भएर तिनीहरूको आवश्यकतामा सेवा गर्न सक्नुहुन्छ?**

**आ) "मलाई खाँचो नै छ भनेर भन्न खोजेको होइन किनकि जुनसुकै परिस्थितिमा संतुष्ट हुनु मैले सिकेको छु" (फिलिप्पी ४:११ रूपान्तरित)। पावलले व्यक्त गरेका ती वचनहरूलाई फराकिलो पाराले हेर्नुहोस्। ती वचनहरू हामीहरूकै जीवनमा कसरी अपनाउन सक्दछौं? फेरि त्यसैवखत, जो हृदयमा चोट पाइरहेकाहरूलाई यो पद उद्धृत नगर्न कसरी होसियार हुने?**

**इ) आफ्नै जीवनमा कतिपय समयमा तपाईँले गम्भीररुपमा एक्लिएको महसुस गर्नुभएको थियो। केले तपाईँलाई सञ्चो पाऱ्यो? केले तपाईँलाई झन चोट दियो? त्यसबाट अरूलाई मद्दत गर्न के सिक्नुभयो?**

## कथा ४

## म किन जन्मैं

## ग्रासियाला मुजेती ५२ उरुग्वे

उरुग्वेको राजधानी मोन्टभिडियोको बस स्टपमा एक जना महिला बसको प्रतीक्षामा उभिरहेकी थिइन्। उनको झोलामा केही पैसाहरू विशेष कामको निम्ति राखिएको थियो। तर एक छिनपछि उनी काम्न थालिन्। उनीभित्र केही अदृश्य शक्तिले घचघचाइरहेको उनले अनुभव गरिन्। उनी चढ्नुपर्ने बस त आयो तर त्यस बसमा उनी चढिनन्। बरु बाटो काटेर बिस्कुट पाउरोटी आदि बनाएर बेच्ने पसलमा उनी गइन्। त्यहाँ उनले आफूसँग भएको पैसाले केही बिस्कुटहरू किनिन्। घरको ढोकामा उनले आफ्नो श्रीमानलाई भेटिन्।

"तिमी कति छिटो आइपुग्यौ?" उनको श्रीमानले सोधे। "हो, म जुन काम गर्न गइरहेको थिएँ त्यो काम नगर्न मैले निर्णय गरें" उनले जवाफ दिइन्।

केही महिनापछि ग्रेसियला मुजट्टीको जन्म भयो। ग्रेसियाकी आमा मरियाले त्यो दिन कहिल्यै पनि आफ्नी छोरीलाई नबिर्सनु भनि सम्झाएकी थिइन्।

### अचाक्लिलाग्दो बाल्यकाल

ग्रेसियला चिहानमा खेलेर हुर्किन्। जब उनी १८ महिनामात्र पुगेकी थिइन् तब उनकी १८ वर्षकी दिदीको एउटा कारखानामा आगो लागेर वियोगान्ततरिकाले मृत्युभयो। त्यस आगोमा २० जनाको ज्यान गएको थियो। प्रत्येक दिन ग्रसियलाकी आमाले उनलाई चिहानमा लग्दथी। त्यहाँ आफ्नी जेठी छोरी गाडेको चिहानको अगाडि बलिन्द्र आँसु बगाएर रुँदथी। त्यसबेला मरेका मानिसहरू गाढिएर तिनीहरूको सम्झनामा नाउँ लेखेर गाडेको शिलाहरूको बीचमा ग्रसियला खेल्दथी। त्यहाँ कति खाली चिहानहरू थिए। ग्रसियलाले अरू चिहानमा राखेका फूलका गुच्छाहरू लिएर ती खाली चिहानहरूमा राख्दथी।

घरमा कोही पाहुनाहरू आए भने आमाले ग्रसियलालाई चिनाउँदै भन्दथी "परमेश्वरले मेरी एउटी छोरीलाई लानुभयो र उनको सट्टामा मलाई यी छोरी दिनुभयो। अनि उनी बसस्टपमा भएको कथा भन्दथी। हल्का पाराले उनी भन्थिन् " ग्रसियला त जन्मनुनै परेको थिएन।" उनको बोलीमा मुस्कुराहट थियो।

तर ग्रसियलाले आफू कुनै न कुनैरुपमा दोषी भएको र आफू सुरक्षित नभएको अनुभव गरकी थिइन्। उनकी दिदीचाहिँ घरको बत्ती तर आफूले चाहिँ

त्यस्तो आदर पाएकी केटी जस्तो उनलाई लागेको थिएन। धेरै वर्षपछि उनका बाबुआमा छुट्टिए। ग्रसियला १५ वर्षकी हुँदा उनले छोरा पाइन्। अनि उनको जेठो दाजु मुटुमा आघात भएर मरे। उसको मृत्युले आमालाई झन ठूलो चोछ पऱ्यो। धेरै महिनासम्म ग्रसियला आफ्नी आमासँग दाजुको चिहानमा गइन्।

केही वर्षपछि ग्रसियलाको एकमात्र भाइलाई पनि साइकल चढिरहेको बेलामा कारले हानीदियो र त्यसैबेला उसको मृत्यु भयो। आमालाई त्यो खबर सुनाउन ग्रसियलालाई आँट पनि आएन। अब आफूमात्र त्यस आमाको घरको जिउँदो व्यक्ति भएको उनले महसुस गरेकी थिइन्। दिदी मर्नु, बाबु छुट्टिनु र भाइ दुर्घटनामा परेर मर्नु-यी सबै ग्रसियलाको निम्ति ठूलो वियोगको घट्ना थियो। केही महिनापछि ग्रसियलाकी आमालाई पक्षाघात भयो र हलचल गर्न नसक्ने भइन्। ग्रसियलाले उनलाई उनी नमरुञ्जेल स्याहार गरिन्। बाल्यकालमा उनी चिहानमा हुर्केकी थिइन् भने अब त्यो चिहान आफ्नै घरमा सरेको जस्तो ग्रसियलालाई लागिरहेको थियो। उनी आफैले आफू बिचलित भइरहेको अनुभव गर्दैथिइन्।

एक दिन रेडियो खोल्न लागिरहेको बेलामा उनले न्युभो टियम्पो रेडियो कार्यक्रम सुन्न पुगिन्। त्यो कार्यक्रम स्थानीय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चको होप अर्थात् आशाको बाणी थियो। रेडियो सुन्दै गरेको बेलामा उनले पास्टरको प्रवचन सुनिन्। ती पास्टरको आवाजमा आफू आकर्षित भएको उनले अनुभव गरिन्। उनको मन हलुका भयो र आफूले शान्ति पाएको अनुभव गरिन्।

त्यसैबेला उनले अर्को रेडियो कार्यक्रमको पास्टरको आवाज पनि सुनिन्। ती पास्टरले एडभेन्टिस्ट चर्चको सहसंस्थापक एलेन जी ह्वाइटप्रति आक्रामक भएर प्रवचन दिँदै थिए। उनको रिसमा ग्रसियलाको ध्यान गयो। त्यो ग्रसियला भन्ने व्यक्ति को होला जसप्रति रेडियोको प्रचारकले भयङ्कर आक्रमण गर्दछ उनको बारेमा पढ्न उनमा उत्सुकता जाग्यो। तर एलेन जी ह्वाइटको बारेमा लेखिएको पुस्तक कहाँ पाइन्छ होला? त्यो उनको निम्ति समस्या नै थियो।

ग्रसियलाले पुस्तकालय र किताब पसलहरूमा गएर एलेन जी ह्वाइटको बारेमा किताब खोजिन् तर कसैसँग पनि उनको बारेमा पुस्तक थिएन।

एक दिन उनको जेठो छोरो जुत्ता बेच्ने पसलमा गयो र त्यस पसलको मेचमा एउटा पुस्तक उसले देख्यो। त्यो किताब सरर हेऱ्यो र आफ्नो आमालाई भन्यो, "आमा, तपाईंले खोजिरहेको पुस्तक यो जस्तो लाग्छ।"

## परमेश्वरबाट पुस्तक

ग्रसियलाले आफ्नो हातमा त्यो पुस्तक लिइन्। त्यो पुस्तकको शिर्षक थियो "द ग्रेट होप" अर्थात् "महान आशा।" त्यस शीर्षकको ठीक तल लेखिकाको नाउँ उनले देखिन्। अनि छक्क परेर उनी काम्न थालिन्।

"यो त मेरो जीवनमा परमेश्वरले कसरी काम गरिरहनुभएको छ सो मलाई देखाउनुभएको छ। उहाँले यो पुस्तक मलाई पठाउनुभयो!" चिच्याउँदै उनले भनिन्।

त्यसबेलादेखि ग्रसियलाले एलेन जी ह्वाइटको बारेमा केही पनि शङ्का गरिनन्। त्यो पुस्तक पढ्नुभन्दा अघि नै "उहाँमा मलाई बोलाउन परमेश्वरले यो पुस्तक प्रयोग गर्नुभयो" भनेर ग्रसियलाले भनिन्।

उनले आशाको बाणी रेडियो कार्यक्रमको आयोजकलाई फोन गरिन्। त्यस कार्यक्रमको संचालकको तर्फबाट मिग्वेल आमारोस्परेन्जालाई पठायो। उनले ग्रसियलालाई बाइबल अध्ययन गराए। उनले ला तेय सेभेन्थ-डे एडभेन्टिस्ट चर्चमा बप्तिस्मा लिइन्। त्यो चर्च सन् २०१६को त्रैमासिक साबथस्कूलको भेटीको सहयोगले स्थापना भएको थियो। अहिले उनी त्यस चर्चको सक्रिय सेभेन्थ-डे एडभेन्टिस्ट भएकी छिन्। उनी अरूहरूलाई बाइबल सिकाउँछिन् र छरछिमेकीका मानिसहरूलाई सहयाता गर्छिन्। उनको प्रभावमा चार जनाले बप्तिस्मा लिएका छन्।

आफ्नो जीवनको प्रायजसो समयमा उनी आफू किन जन्मेको हुँला भनेर सोच्ने गर्थिन्। तर आज उनले त्यसको जवाफ पाइकी छिन्।

"म आमाको पेटमा हुँदैदेखि परमेश्वरले मसँग काम गर्दै हुनुहुन्थ्यो" खुशी भएर ग्रसियलाले भनिन्। उनी अहिले ५२ वर्षकी भइन्। "यदि मेरी आमाले मेरो  भ्रूण हत्या गरेको भए उनलाई स्याहार्ने को होला? मेरो बुबालाई कसले स्याहार्थ्यो होला जो अहिले ९४ वर्षको हुनुहुन्छ र ओछ्यानमै परिरहनुभएको छ? सबै थोक सधैं परमेश्वरको नियन्त्रणमा छ। मसँग उहाँले के देख्नुभयो सो मलाई थाहा छैन। उहाँले मलाई उद्धार गर्नुभयो। उहाँको निम्ति अरू धेरै चेलाहरू बनाउने म आशा गर्छु" उनले भनिन्।

सन् २०१६मा ला तेजा सेभेन्थ-डे एडभेन्टिस्ट चर्च बहालमा लिएको सानो घरबाट आफ्नै चर्च भवनमा सऱ्यो। तपाईंको मिशन भेटीले ग्रसियला जस्तोलाई प्रभुमा ल्याउन सहयोग गरेकोछ। त्यसको लागि तपाईंहरूलाई धन्यवाद।

**लेखक: *आन्द्र्यु मेकचेस्नी***